"स्वच्छ, शिक्षित एवं सम्बृद्ध कैलाश, कृषि, पर्यटन र पूर्वाधारको योजनाबद्ध विकास"

# आर्थिक वर्ष २०७४/७५को

# नीति  तथा कार्यक्रम

कैलाश गाउँपालिका

कालिकाटार, मकवानपुर

प्रदेश नं ३, नेपाल

# कैलाश गाउँपालिकाको प्रथम गाउँ सभा समक्ष उपाध्यक्ष श्री सुकुमाया थिङद्वारा प्रस्तुत आ.ब. २०७४/०७५ को बार्षिक नीति तथा कार्यक्रम

यस सभाका अध्यक्ष एवं कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंक बहादुर मुक्तान ज्यू,

कार्यकारी अधिकृत श्री कुलचन्द्र पराजुली ज्यू,

वडा अध्यक्ष ज्यूहरु र गाउँकार्यपालिकाका सदस्य ज्यूहरु

गाउँसभाका सदस्य ज्यूहरु

सम्पूर्ण कर्मचारी मित्रहरु

तथा सभामा उपस्थित सम्पूर्णमा सर्वप्रथम हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु ।

यस कैलाश गाउँपालिकाको गाउँ सभामा हाम्रो निम्तोलाई स्वीकार गरी पाल्नुहुने सम्पूर्णमा कैलाश गाउँपालिका तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु । यसैगरी देशको उन्नतिको लगि विभिन्न समयमा भएका आन्दोलनको क्रममा सहादत प्राप्त गरेका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दछु ।

**आदरणीय महानुभावहरु,**

नेपालको संविधान जारी भई उक्त संविधानले व्यवस्था गरे बमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२/६३ को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटक सम्म भएको संविधान सभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भइ सकेर हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भएर आज हामी कैलाश गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही यो कार्यक्रममा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षित भएका छौं ।

संघीयता र स्थानीय सरकार मार्फत गाउँ–गाउँमा सिंहदरबार, आफ्नो गाउँ आफैँ बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा

स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरीएको छ, जुन स्वागतयोग्य छ ।

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

अव म यस कैलाश गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

विगत १६ वर्षदेखि रिक्त स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको  सन्दर्भमा स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस क्षेत्रमा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, माग र औचित्यमा आधारित विकास राष्ट्रले बोकेको सहस्राब्दी लक्ष्य, दीगो विकास जस्ता गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरीवी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ ।

**आदरणीय महानुभावहरु,**

आगामी आर्थिक वर्षमा कैलाश गाउँपालिकाले नेपालको संविधान, प्रचलित कानून तथा नीति नियमका अनुशरण गर्दै सो सम्बन्धि नीति तथा कार्यक्रमको लागि निम्न प्रस्ताव पेश गरेकोछु ।

## १. आर्थिक विकासः

१.१ कैलाश गाउँपालिकाको विकासको मूख्य आधार नै कृषिको विकास भएकोले **माटो सुहाँउदो खेती प्रणाली** अवलम्बन गर्न प्रत्येक वडामा माटो परिक्षण केन्द्र स्थापना गरिनेछ । कृषि उत्पादन वृद्धि गर्न सिचाई कुलोहरुको सुधार गर्दै कृषिमा युवाहरुको आकर्षण बढाउन आवश्यक प्रवन्ध मिलाईने छ । यस क्षेत्रमा उत्पादन हुने कृषि उपजको उत्पादन बढाउन तथा त्यसको बजार व्यवस्थापन गर्ने तर्फ आवश्यक कार्यक्रमहरु ल्याइनेछ । साथै बेमौसमि खेति, बहुउदेश्य आधुनिक नर्सरी, व्यावसायिक पशुपालन, मत्स्यपालन तथा सामुहिक खेतिका लागि आवश्यक प्रबन्ध मिलाईने छ । यस क्षेत्रलाई अदुवाको पकेट क्षेत्रको रुपमा विस्तार गर्न सम्भाव्यता अध्ययन गरीनेछ । जनताको खाद्यसुरक्षाको अधिकारलाई सार्थकता दिन यस क्षेत्रमा आवश्यक प्रबन्ध मिलाईनेछ ।

१.२ **“समृद्धि र दिगो विकासको आधार, पर्यटन क्षेत्रको प्रवद्र्धन र विस्तार"** भन्ने नारालाई सम्बोधन गर्न यस क्षेत्र भित्र पर्यटकिय सम्भावना बोकेका कैलाश, बैकुण्ठ, घैराङ, दुम्सिखर्क, देखारी डाँडा, गुप्तेश्वर गुफा, चापचौर, हातिपाईले, विष्णु कुण्ड जस्ता स्थानहरु एवं रैथाने संस्कृति तथा

कृषि पर्यटनलाई सम्भाव्यता अध्ययन गरि पर्यटन व्यवसायलाई अभिवृद्धि गरीने छ । साथै होमस्टे संचालन गर्न प्रोत्साहन गर्ने कार्य गरीनेछ ।

१.३ यस गाउँपालिका क्षेत्रमा वैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा नभएकोले आगामी वर्षमा नेपाल राष्ट्र वैंकको नीति तथा देशका सम्पूर्ण स्थानीय तहमा वित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरीनेछ । स्थानीय जनताको वचत वृद्धि, पूंजी निर्माण, ऋण परिचालन गर्नको लागि स्थानीय स्तरमा संचालित सहकारी समूहहरुलाई प्रवद्र्धन गर्ने नीति लिइनेछ ।

१.४ मकवानपुर उद्योग वाणिज्य संघ संगको सहकार्य गरी कैलाश उद्योग वाणिज्य संघको स्थापना गरीनेछ र गाउँपालिकाको समन्वयमा गाउँपालिका क्षेत्रको विभिन्न स्थानहरुमा कर शिविर संचालन गरिने छ ।

## २. सामाजिक विकास :

२.१ **"व्यवस्थित स्वच्छ र सुन्दर गाउँघर, कैलाशका नागरिकको नैसर्गिक अधिकार"** लाई मूर्तरुप दिन गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि आवश्यक पहल गरीनेछ । खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरु सञ्चालन गरीनेछ । साविक खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय मार्फत सञ्चालनमा रहेका वहुवर्षिय आयोजनाहरुलाई तोकिएकै समयमा सम्पन्न गर्न थप पहल गरीनेछ । फोहोरमैला व्यवस्थापनका लागि उचित प्रबन्ध गर्ने नीति लिईनेछ । खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने तथा यस सम्बन्धमा **"सफा र स्वच्छ खानपान, कैलाशको पहिचान"** नारा लाई मुर्तरुप दिन कार्यक्रमहरु ल्याइनेछ ।

२.२ स्वास्थ्य नै धन हो भन्ने मान्यतालाई आत्मसात गर्दै यस क्षेत्रमा स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ पहल गरीनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य चौकि, वर्थिङ सेन्टरको स्तर वृद्धि गर्दै शिशु मृत्युदर, बाल मृत्युदर तथा मातृ मृत्युदर घटाउन आवश्यक पहल गरीने छ । स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी हुने दरलाई वृद्धि गर्न आवश्यक प्रवन्ध मिलाईने छ । प्रत्येक वडामा स्वास्थ्य चौकि निर्माणका लागि आवश्यक नीति लिईने छ । पूर्ण खोपयूक्त गाउँपालिकालाई दिगो बनाई राख्न र कुपोषणको पहिचान गरी आवश्यक व्यवस्था गर्न वजेट विनियोजन गरीनेछ । नागरीक स्वास्थ्य विमा कार्यक्रम, गाउँ घर क्लिनिक कार्यक्रम, चेपाङ

समुदायमा परिवार नियोजन कार्यक्रम जस्ता कार्यक्रम संचालन गरीने छ । स्वास्थ कार्यालयको संरचना समेत यस कार्यालयमा आउने प्रतिवद्धता भइसकेकोले उक्त स्वास्थ्य कार्यालय मार्फत भएका सम्पूर्ण कार्यक्रमलाई अक्षरश पालना गरीनेछ । साथै **"म स्वस्थ मेरो गाउँपालिका स्वस्थ"** नारालाई सबैमा आत्मसात गराईने छ ।

२.३ नेपाल सरकारले हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्न पहल गरीनेछ ।

२.४ यस क्षेत्रको साँस्कृतिक तथा स्थानीय कलासंस्कृति तथा रितिरिवाजको जगेर्ना कैलाश गाउँपालिका भित्र रहेका मठ मन्दिर, गुम्बा, चर्च आदिको संरक्षण गर्ने नीति लिईनेछ । मकवानपुर जिल्लाकै एक मात्र क्षेत्रमा नाचिने घाटु तथा मारुनी नाच प्रवद्र्धन गर्न आवश्यक वजेट व्यवस्था गरिने छ ।

२.५ यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, आदिवासि जनजाति, महिला, ज्येष्ठ नागरीक लगायतका लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैङ्गिक विभेद मार्फत पछिपरेका महिलाहरुलाई समाजको मुल धारमा ल्याउन, आफुले संविधान तथा कानुन बमोजिम पाउने हक अधिकार बारे जानकारी गराउन विशेष कार्यक्रम ल्याईनेछ । बालमैत्री स्थानिय शासन लागु गर्न आवश्यक व्यवस्था मिलाईने छ । अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरीनेछ । ज्येष्ठ नागरिकलाई सम्मान गर्दै उनीहरुको अनुभवलाई भरपुर प्रयोग गर्ने व्यवस्था मिलाईने छ ।

२.६ अपाङ्ग सम्बन्धि लगत संकलन गरी परिचय पत्र प्रदान गर्न आवश्यक प्रबन्ध मिलाईनेछ । साथै अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाए नपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरीनेछ ।

२.७ यस क्षेत्रका विद्यालयलाई थप व्यवस्थित गर्ने गाउँपालिका स्तरीय शिक्षा समिति बनाई सोको प्रतिवेदन अनुरुप आवश्यक व्यवस्था गरीनेछ । साथै विद्यालय क्षेत्र विकास कार्यक्रम, सवैका लागि शिक्षा, जीवनपर्यन्त शिक्षा, किषोरी शिक्षा, युवा शिक्षा, लगायतका कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । वालमैत्री विद्यालय पूर्वाधार, खेल्दै सिक्दै जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ । विद्यालयको पुर्वाधार विकास, शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिवद्धतामा वृद्धि गरी यस क्षेत्रको साक्षरता दर बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरीनेछ ।

२.८ स्वस्थ र शिर्जनशिल युवाका लगि खेलकुद विकासगर्न सम्भाव्यता अध्ययन गरीनेछ र खेलकूद विकासका पूर्वाधार बनाउने कार्यलाई प्राथमिकतामा राखिने छ । क्षेत्रीय तथा राष्ट्रिय पदक हासिल गर्ने खेलाडीका लागि प्रोत्साहनको व्यवस्था गरिने छ ।

२.९ युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जना मार्फत गरिबी न्युनीकरण गर्ने, सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुद तर्फ प्रोत्साहन गर्ने खालका युवा लक्षित कार्यक्रमहरु ल्याइने छ ।

## ३. पूर्वाधार विकास :

**"समृद्‌धिको आधार भौतिक पूर्वाधार"** भन्ने नारालाई मूर्त रुप दिन निम्नानुसारका कार्यक्रमहरुलाई प्राथमिकतामा राखिने छ ,

३.१ मकवानपुर जिल्लाको सदरमुकामबाट २६ कि.मि. देखि १३० कि.मि. सम्मको दुरीमा रहेको यस भू–भागमा सहज यातायात सुविधा नभएको, जिल्ला सदरमुकाम हेटौडाबाट गाउँपालिकाको केन्द्र कालिकाटार सम्म मनहरी वा भैंसे चुनियाँ हुँदै आउने दुवै बाटो राम्रो नरहेको अवस्था यहाँहरुलाई अवगत नै छ । यस क्षेत्रको जनजीवनलाई सहज बनाउन नेपाल सरकारको केन्द्रिय नीति अनुरुप क्ल्च्त्ए ले निर्माण गर्ने चुनियाँ–नामटार–कालिकाटार सडक विस्तार गर्ने कुरामा हामी आशावादी छौँ । स्थानीय कृषि उपजको निर्यात गर्न एवं सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि प्रत्येक वडा कार्यालयलाई केन्द्र सम्म जोड्ने सडक पहिलो प्राथमिकतामा रहने छ भने यस गाउँपालिकालाई राष्ट्रिय राजमार्गसँग जोड्ने सडक निर्माण गर्नु दोस्रो प्राथमिकतामा रहने छ । यसका साथै गाउँपालिका क्षेत्रभित्र रहेका कच्चि सडकहरुलाई स्तरोन्नति गरी बाह्रै महिना चल्न सक्ने गरी निर्माण गर्न ध्यान केन्द्रित गरीनेछ र आवश्यकता अनुरुप वातावरणीय संवेदनशिलतालाई ध्यान राख्दै सडक निर्माण गरीनेछ ।

३.२ सडक निर्माण सम्बन्धमा गाउँपालिका क्षेत्र भित्र निर्माण गरीने सडकको चौडाई सडकको स्तर अनुसारको मपदण्ड बमोजिम गराईने, ५० मिटर भन्दा बढी लम्बाइका सडकको चौडाई कम्तिमा ६ मिटर, ५० मिटर भन्दा कम लम्वाईको हकमा कम्तीमा ४ मिटर कायम गरीनेछ ।

३.३ सडक संजाल भए पनि पुलको अभावले सबै मौसममा यातायात संचालन हुन नसक्दा आवत–जावत गर्न असहज परेकोले पुल निर्माण एवं झोलुङ्गे पुल निर्माणको लागि आवश्यक पहल गरीनेछ ।

३.३ उर्जा विकासको महत्वपुर्ण पुर्वाधार हो, त्यसैले गाउँपालिका क्षेत्रलाई वातावरणमैत्री उर्जाको प्रयोगमार्फत समृद्ध बनाउन ग्रामिण विद्युतिकरण तर्फ यो बर्षको नीति तथा कार्यक्रम लक्षित गरीनेछ । **हरेक घर उज्यालो घर** कार्यक्रम संचालन गरी विद्युतको भरपर्दो व्यवस्था गर्न उर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण तथा अन्य दातृ निकायहरुसँग सहकार्य गरी यस गाउँपालिकाको अवको पाइला विधुत लाईन विस्तार तथा भएका विद्युत लाईनको स्तरिकरण तर्फ केन्द्रित हुनेछ । जसका लागि चालु आ.व. भित्र कैलाश गाउँपालिकाका सम्पूर्ण वडासम्म विधुत सेवा सूचारु गर्ने गरि बजेट विनियोजन गरिने छ ।

३.४ गाउँपालिका क्षेत्रको कुनै पनि भौतिक निर्माण तर्फ कार्य संचालन गर्नुपूर्व ५० लाख भन्दा माथिको ठूला योजनाहरुको हकमा पूर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य गरीनुको साथै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयारी पछि मात्र कार्यन्वयनमा लगिनेछ ।

३.५ भूकम्प पूननिर्माणको कार्यलाई तिब्र रुपमा अघि बढाउनको लागि त्रैमासिक रुपमा कार्ययोजना बनाई कार्य गरीनेछ । भुकम्प पिडितहरुको घरटहरा निर्माण मा ढुङ्गा, गिट्टी, बालुवा उपभोग गर्दा जि.स.स. ले लिने करमा छुट (मिनाहा) दिने ब्यवस्था गर्न सरोकार निकायलाई अनुरोध गरीनेछ ।

३.६ नक्सापास मापदण्ड २०७२ लाई स्वीकृत गरी लागू गरीनेछ । घर निर्माण गर्दा नक्सा पासको ब्यवस्था अनिवार्य गरीनेछ ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन

४.१ यस क्षेत्रको जीवनबुटीको रुपमा रहेको महत्वपूर्ण जडिबुटीको संरक्षण तथा संकलन कार्यलाई थप व्यवस्थित गर्ने तर्फ पहल गरीनेछ ।

४.२ जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवद्र्धन गर्न पहल गरीनेछ । यसका लागि जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरी अगाडि बढ्ने नीति अख्तियार गरिनेछ ।

४.३ यस क्षेत्रमा पर्ने राष्ट्रिय, सामुदायिक तथा कवुलियत वनलाई संरक्षित गर्दै समुचित प्रयोग गरीने छ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने, नदीनियन्त्रण, पहिरो नियन्त्रण, जलाधार संरक्षण, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरीनेछ ।

४.४ प्राकृतिक प्रकोप एवं अन्य विपतिबाट जनजीवनमा पर्ने क्षतिलाई न्युनिकरण गर्न विपद व्यवस्थापन कोषका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाहः

५.१ सूचना र सञ्चार प्रविधि विना समृद्धिको परिकल्पना गर्न सकिँदैन तसर्थ हरेक वडामा आगामी आर्थिक बर्ष भित्र ईन्टरनेट जडान गरी प्रविधि मैत्री सेवा प्रवाह गर्न आवश्यक बजेटको प्रवन्ध मिलाईनेछ । यस गाउँपालिका क्षेत्रभित्र रहेका नेपाल टेलिकम लगायत अन्य निजी क्षेत्रका संचार प्रदायक संस्थालाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक समन्वय गरिनेछ ।

५.२ सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरीनेछ । यस कार्यक्रम संघीय सरकार मार्फत सञ्चालन हुने भएपनि लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

५.३ कैलाश गाउँपालिकाको कार्यालय भवनको रेखदेख र सुरक्षा गर्न सुरक्षा गार्ड (पाले) दरबन्दी सृजना गरी पदपूर्ति गर्ने व्यवस्था गरीनेछ ।

५.४ यस क्षेत्रमा उठ्ने राजस्वलाई थप व्यवस्थित गरी राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिइनेछ । विगत साविकका गाविसहरुले लगाउँदै आएका कर दस्तुरलाई समय सापेक्ष गर्दै लगिने छ ।

५.५ यस गाउँपालिका तथा वडाहरुमा दैनिक प्रशासनिक सेवा सम्बन्धी कार्य बोझ अधिक बढ्दै गएको अवस्थामा, कर्मचारीहरुको मनोवललाई उच्च राख्न अतिरिक्त समय काम गरेवापत थप सेवा सुविधा उपलब्ध गराईने साथै रिक्त दरबन्दी पूरा गर्न पहल गरिनेछ ।

५.६ यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको समयानुकुल क्षमता विकास विस्तार गर्न तालिमको व्यवस्था गरीनेछ ।

५.७ यस गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको अवकाश पछि पाउने सेवा सुविधाको व्यवस्थापनको लागि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार कर्मचारी कल्याणकोष व्यवस्था गरीनेछ ।

## ६. सुशासन प्रवर्धन

**“समृद्ध कैलाशको आधार, पारदर्शी, व्यावसायिक, जवाफदेही र भष्ट्राचारमुक्त स्थानिय सरकार”** भन्ने नारालाई आत्मसात गर्दै सुशासन कायम गर्न निम्न अनुसारका नीतिलाई अख्तियार गरिने छ,

६.१ कार्यालयले आफैं वा आफ्नो मातहतका कार्यालयहरु वा गैर सरकारी संघसंस्था मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरीक वडापत्र, सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

६.२ कैलाश गाउँपालिका अन्तर्गत संचालन हुने योजनाको उपभोक्ता समिति गठन गर्दा समितिमा संख्यात्मक भन्दा दक्ष र अनुभवी व्यक्तिहरुलाई चयन गर्ने व्यवस्था मिलाईनेछ । यद्यपि एकै व्यक्ति धेरै उपभोक्ता समिति नबस्ने वातावरण तयार गरिनेछ ।

६.३ कैलाश गाउँपालिकामा संचालित गैर सरकारी संस्थाहरुले अनिवार्य रुपमा गाउँपालिकामा कार्यक्रम तथा बजेट पेश गरी चौमासिक खर्च सार्वजनिक गर्ने व्यवस्थाको शुरुवात गरिनेछ । गाउँपालिकामा **एन.जि.ओ डेक्स**को व्यवस्था गरी सो मा दर्ता भए पश्चात मात्र गाउँपालिका क्षेत्र भित्र कार्य गर्ने व्यवस्था गरीनेछ ।

६.४ योजनाहरुको गुणस्तरको अनुगमन गर्न जन प्रतिनिधि तथा कर्मचारीहरुको अनुगमन समिति गठन गर्ने र योजनाहरुको अन्तिम निकासा जाँच पास फरफारक गर्दा अनुगमन समितिको सिफारिस अनिवार्य गरीनेछ ।

६.५ आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस वर्षलाई कैलाश गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ । यसको लागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

६.६ संविधान प्रदत मौलिक हक, मानव अधिकार संरक्षण, लागुऔषध नियन्त्रण, मानव बेचविखन नियन्त्रण, चेलिबेटी बेचविखन निवारण, कुरीति न्युनिकरण, घरेलु हिंसा न्युनिकरण, बालविवाह नियन्त्रण, समावेशी शासन लगायतका विषयमा ध्यान केन्द्रित गरिनेछ ।

अन्त्यमा, यो नीति तथा कार्यक्रम अनुरुप उत्कृष्ट कार्यसम्पादन गर्ने वडा कार्यालयलाई प्रोत्साहन स्वरुप आगामी वर्ष विशेष वजेट प्रदान गरीनेछ । साथै कर्मचारीको मनोबल उच्च बनाउन कार्यसम्पादनका आधारमा उत्कृष्ट कर्मचारी चयन गर्ने मापदण्ड बनाईने छ ।

धन्यवाद ।

सुकुमाया थिङ

२०७४/०५/१३